# स्थानीय राजपत्र

शैलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ५, संख्याः४, ०५ असार, २०७८

# भाग-२

## शैलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
## काटाकुटी दोलखा
## बागमती प्रदेश, नेपाल

## "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,२०७८"

**प्रस्तावनाः**

लैङ्गिक हिंसाका घटनाबाट पीडित व्यक्तिहरुलाई तत्काल उद्धार गर्न,औषधि उपचार गर्न, पुनर्स्थापना गर्न, कानूनी सहायता तथा मनोवैज्ञानिक उपचार प्रदान गर्न, कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च प्रदान गर्न नेपाल सरकारबाट राजपत्रमा प्रकाशित लैङ्गिक हिंसा निवारण कोष ( सञ्चालन) (दोस्रो संशोधन) नियमावली,२०७६ बमोजिम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,२०७८" तर्जुमा गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्यविधिको नाम लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८ रहने छ ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१) **"गाउँपालिका"** भन्नाले शैलुङ गाउँपालिका सम्झनु पर्दछ ।

२) **"गाउँ कार्यपालिका"** भन्नाले शैलुङ गाउँ कार्यपालिका सम्झिनु पर्दछ ।

३) **"मन्त्रालय"** भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्दछ ।

४) **"कोष"** भन्नाले गाउँपालिकामा स्थापना गरिएको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

५) **"रकम"** भन्नाले शैलुङ गाउँपालिकालाई लैङ्गिक हिंसा निवारण कोषका लागि प्राप्त रकम वा यसै कार्यविधिको दफा ३ अनुसार प्राप्त भई लैङ्गिक हिंसा निवारण कोषमा जम्मा गरिएको रकम सम्झनु पर्दछ ।

६) **"पीडित"** भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

७) **"तत्काल उद्धार तथा राहत समिति"** भन्नाले गाउँपालिकामा गठित स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झिनु पर्दछ ।

८) **"लैंगिक हिंसा"** भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झिनुपर्दछ ।

३. **कोषको स्थापनाः**

१) लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिएको छ ।

२) कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

क) गाउँसभाबाट विनियोजित रकम,

ख) नेपाल सरकारबाट प्राप्त रकम,

ग) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

४. **छुट्टै खाता खोल्नु पर्नेः**

१)लैङ्गिक हिंसा निवारण कोषको लागि दफा ३ को उपदफा २ बमोजिम प्राप्त रकम कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

२)उपदफा १ बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

५. **कोषको उपयोगः**

१) कोषको रकम देहाय बमोजिमको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

क) तत्काल उद्धार गर्न,

ख) औषधि उपचार गर्न,

ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार गर्न,

घ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च प्रदान गर्न,

ङ) पुनर्स्थापना गराउन,

च) पीडितको लागि तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको अन्य काममा ।

छ) लैगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानून बमोजिम

कसुरदाबाट प्राप्त गर्नुपर्ने रकम प्राप्त गर्न नसकेमा अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतीपूर्ति स्वरूप दिने ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तत्काल उद्धार तथा राहत समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्रथामिकता दिई काषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः**

१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको कार्यमा उपयोग गर्न सकिने छैन ।

७. **स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठनः**

१) पीडितलाई तत्काल उद्धार,राहत तथा आर्थिक सहयाग उपलब्ध गराउने कामको लागि एक स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन गरिनेछ ।

२) स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | अध्यक्ष |
| ख) दुई जना कार्यपालिका सदस्य | सदस्य |
| ग) कानूनी सहजकर्ता | सदस्य |
| घ) सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

३) गाउँपालिका अध्यक्ष स्थानीय तत्काल उद्धार तथा राहत समितिको संरक्षकको रूपमा रहने छ ।

४) स्थानीय तत्काल उद्धार तथा राहत समितिको पदावधि ३ बर्षको हुनेछ ।

५) स्थानीय तत्काल उद्धार तथा राहत समितिको बैठक आवश्यकत्ता अनुसार बस्नेछ ।

८. **स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य र अधिकारः**

१) स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) पीडितलाई नियमानुसार राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख) स्थानीय लैङ्गिक हिंसा निवारण कोषको अनुगमन गर्ने गराउने,

९. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः**

१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकम नबढ्ने गरी उपलब्ध गराईनेछ ।

क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीनसय रूपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सयका दरले बढीमा पाँच हजार रूपैयाँ ।

ख) पीडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साााधन प्रयोग गर्दा लाग्ने रकम, खाना खर्च वापत प्रति दिन तीन सय, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढिमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रूपैयाँ र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रूपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसंग आश्रीत बालबच्चा भए

बालबालिकाको लागि पनि सोहि दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ ।

ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार नबढ्ने गरी लागेको यथार्थ खर्च,

घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रूपमा वस्तुगत तथा नगद अनुदान समेत  गरी बढिमा तीस हजार रूपैयाँ,

ङ) पुनर्स्थापनाको लागि बढिमा पाँच हजार,

च) तत्काल उद्धार तथा राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढिमा दश हजार रूपैयाँ ।

२) उपदफा १ बमोजिमको रकम अपर्याप्त भएको मनासिव अधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा तत्काल उद्धार तथा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रूपैयाँ नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

१०. **निवेदन दिनुपर्नेः**

यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवालाले अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

११. **तत्काल रकम उपलब्ध गराउन सक्नेः**

१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए ता पनि जलाइएको, एसिड प्रयोग गरी वा छर्किइ वा त्यस्तो गम्भिर प्रकृतिका घटनाका पीडितलाई उद्धार,औषधि उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षती हुने देखिएमा र स्थानीय तत्काल उद्धार तथा राहत समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा समितिको अध्यक्षले आवश्यकत्ता र औचित्यको आधारमा मनासिब रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

१२. **कोषको लेखा र लेखापरीक्षणः**

१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१३.**आवर्ति (रिभल्भीङ) कोषः** यो कोष आवर्ति रिभल्भीङ कोषको रूपमा रहनेछ ।

१४.**प्रतिवेदन पेश गर्नेः**

स्थानीय तत्काल उद्धार तथा राहत समितिले प्रत्येक वर्ष भए गरेका काम कारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र गाउँपालिकामा पेश गर्ने तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

१६. **बैठक भत्ताः** स्थानीय तत्काल उद्धार तथा राहत समितिको बैठक सहभागी भए वापत सहभागीले गाउँपालिकाको नियमानुसार बैठक भत्ता पाउनेछन् ।

१७. **समन्वय गर्न सक्नेः**

तत्काल उद्धार तथा राहत समितिले मन्त्रालय, केन्द्रीय तथा प्रदेश तत्काल उद्धार तथा राहत समितिसंग आवश्यक समन्वय गर्नसक्नेछ ।

१८.**बाधा, अड्काउ फुकाउने** : यो कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा, अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची–१
## (दफा–१० संग सम्बन्धित)

मितिः२०    /    /

विषयः सहयोग उपलब्ध गराई पाउँ ।

श्री अध्यक्ष ज्यू,
स्थानीय तत्काल उद्धार तथा राहत समिति,
शैलुङ गाउँपालिका, दोलखा ।

म.............................................मा बस्ने बर्ष................को...................................मिति..............................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै काजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (.................................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एवम् परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/ अन्य ...........................कामको लागि सहयोगको आवश्यकत्ता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको:
नाम थर:
ठेगाना:
दस्तखत:
मितिः

प्रमाणीकरण मिति २०७८ असार ४ गते

आज्ञाले,
सन्तोष दाहाल
नि. प्रमुख प्रशासकीय अधिकृत